*म बनाउँछु मेरो छत्रेश्वरी*

# छत्रेश्वरी गाउँपालिका
# आ.व.२०८२/८३ को बार्षिक प्रगति प्रतिवेदन
# २०८३

समीक्षा विगतको कामको मूल्याङ्कन मात्र होइन आगामी सुधारको कार्यदिशा तय गर्ने मार्चचित्र पनि हो।

<u>जे भयो त्यसको समीक्षा -जे हुनपर्छ त्यसको योजना</u>

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत
छत्रेश्वरी गाउँपालिका सल्यान

## १.१ सामान्य परिचय

छत्रेश्वरी गाउँपालिका सल्यान जिल्लाको एक ग्रामीण स्थानीय तह हो, जुन कर्णाली प्रदेश अन्तर्गत पर्दछ । संघीय संरचना अनुसार २०७३ सालमा स्थापना भएको यस गाउँपालिकाले स्थानीय शासन, विकास र सेवा प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यो पालिका ७ वटा वडामा विभाजन भई पालिकाको मुख्यालय भोटेचौरमा अवस्थित छ । पहाडी भूबनोट भएको यस गाउँपालिकाको कुल क्षेत्रफल १५०.६९ वर्गकिलो मिटर रहेको छ ।

यो पालिकाको भौगोलिक अवस्थिति अक्षांश करिब **२८°२०′** देखि **२८°३०′** उत्तर र देशान्तर करिब **८२°०५′** देखि **८२°२०′ पूर्व मा पर्ने यो गाउँपालिकाको पूर्वमा रोल्पा जिल्ला, पश्चिममा शारदा नगरपालिका, उत्रमा बागचौर नगरपालिका र दक्षिणमा त्रिवेणी र कपुरकोट गाउँपालिका पर्दछन् । यो पालिका समुद्र सतहबाट ८३९ देखि २८०० मिटरसम्मको उचाइमा पर्दछ ।**

यो गाउँपालिकाको नाम ऐतिहासिक तथा धार्मिक महत्व बोकेको छत्रेश्वरी भगवती मन्दिरबाट राखिएको पाइन्छ जसले यस क्षेत्रको सांस्कृतिक पहिचान झल्काउँछ । यहाँ विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिको मिश्रण पाइन्छ जसले सामाजिक सद्भाव र विविधतालाई मजबुत बनाएको छ ।

भौगोलिक रूपमा यो गाउँपालिका पहाडी क्षेत्रमा पर्दछ र यहाँ उकालो ओरालो भूबनोटमा हरियाली वन, खोलानाला र प्राकृतिक स्रोतहरु भरिपूर्ण भएको वातावरण पाइन्छ । यहाँका मानिसको प्रमुख आय स्रोत कृषि र पशुपालन हो ।

यो गाउँपालिकामा पूर्वाधारका हिसावले सडक, पुलपुलेसा, शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाइ जस्ता आधारभूत सेवाहरु विस्तार हुँदै गएका छन् ।

समग्रमा, भौगोलिक कठिनाई र सीमित स्रोतका कारण विकासमा केही चुनौतीहरु भए पनि स्थानीय सरकार, समुदाय र सरोकारवालाहरुको सहकार्यमा यो गाउँपालिका दिगो विकासतर्फ अगाडि बढ्दै गरेको अवस्थामा छ

## आधारभूत विवरण


**छत्रेश्वरी गाउँपालिकाको आधरभूत विवरण**

| क्र.सं. | विवरण | तथ्याङ्क |
|---|---|---|
| १ | प्रदेश | कर्णाली |
| २ | जिल्ला | सल्यान |
| ३ | स्थानीय तहको प्रकार | गाउँपालिका |
| ४ | स्थापना भएको वर्ष | २०७३ साल |
| ५ | कुल वडा सङ्ख्या | ७ |
| ६ | क्षेत्रफल | १५०.६९ वर्ग कि.मि |
| ७ | भौगोलिक अवस्था | पहाड, उकालो ओरालो |

| | | |
|---|---|---|
| ८ | अवस्थिति | अक्षांश करिब करिब **२८°२०′** देखि **२८°३०′** उत्तर **र देशान्तर करिब** ८२.१०° देखि ८२.२०° पूर्व |
| ९ | धरधुरी सङ्ख्या | ५१३९ (राष्ट्रिय जनगणना २०७८ अनुसार) |
| १० | जनसङ्ख्या | २१,२४२ (राष्ट्रिय जनगणना २०७८ अनुसार) |
| ११ | जातिगत संरचना | क्षेत्री ५२ प्रतिशत, मगर १५ प्रतिशत, कामी १२ प्रतिशत र बाँकी २१ प्रतिशत ठकुरी, ब्राह्मण र सार्की आदि |
| १२ | साक्षरता दर | ७७.७० प्रतिशत (राष्ट्रिय जनगणना २०७८ अनुसार) |
| १३ | प्रमुख भाषा | नेपाली |
| १४ | प्रमुख धर्म | हिन्दु |
| १५ | वर्तमान गाउँपालिका अध्यक्ष | श्री ओज बहादुर बुढाथोकी |
| १६ | वर्तमान गाउँपालिका उपाअध्यक्ष | श्री बुद्ध कुमारी खत्री |
| १७ | वर्तमान प्रमुख प्रशासकीय अधिकृत | श्री दीपक बुढाथोकी |

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाका ५१३९ घरधुरीमा २१,२४२ जनसङ्ख्या रहेको अवस्था छ, जसमा ११,२२३ महिला र १०,०१९ पुरुष रहेका छन् र पालिकाको लैङ्गिक अनुपात ८९.२७ रहेको छ । वडागत विवरण तल तालिका २ मा प्रस्तुत गरिएको छ ।

GIS नक्सा




## आ व २०८२/०८३ प्रमुख क्षेत्रगत उपलब्धीहरुः

### (क)आर्थिक विकास

| क्षेत्र | प्रमुख उपलब्धिहरु |
|---|---|
| कृषि | • मौरी खेती विस्तारका लागि ५० प्रतिशत अनुदानमा १४ वटा कृषि फर्म तथा समूहरुलाइ ४१ वटा मौरी घारहरु वितरण गरिएको छ।<br>• १० जनालाइ कृषि औजार मर्मत सम्वन्धी १५ दिने तालिम प्रदान गरिएको जसले गर्दा कृषि कर्म गर्दा सानातिना मर्मत सम्भार सजिलै गर्न सकिने भएको छ।<br>• युरिया डिएपी जस्ता मलहरुको कोटा निर्धारण भइ किसानहरुलाइ सुलभ मूल्यमा प्रदान गर्नका लागि मूल्य निर्धारण गरिएको छ।<br>• आकस्मिक बाली संरक्षण कार्यक्रम अन्तर्गत १३१ घरधुरीको खेतीबालीमा किटनाशक तथा ढुसीनाशक |

| | |
|---|---|
| | औषधी वितरण गरिएको छ।<br>• तरकारी बाली प्रवर्धन कार्यक्रम अन्तर्गत रायो, मुला, धनिया, सिमि, बोडी, भिन्डी, काक्रा र चम्सुर २७०० घरधुरी वितरण गरिएको छ।<br>• २५० घरधुरीमा च्याउ खेती प्रवर्धनका लागि ४४६ प्याकेट च्याउको विउ वितरण र सोसम्वन्धी तालिम संचालन गरिएको छ।<br>• कृषि व्यवसाय प्रवर्धन ऐन हिउँदे गाउसभाबाट छलफल भइ पारित भएको छ।<br>• फलफुल प्रवर्धन कार्यक्रम अन्तर्गत १३८ घरधुरीमा सुन्तला बगैचा व्यवस्थापनका लागि २८३ केजी चुना र २८० केजी निलोतुथो वितरण गरिएको छ।<br>• जैविक बिषादी सुक्ष्म खाद्य तत्व तथा जैविक सामाग्री वितरण गरिएको छ।<br>• माटो परिक्षणका लागि माटोको नमुना संकलन सम्वन्धी तालिम सम्पन्न भएको छ।<br>• २५१७० पशुपंक्षीको उपचार गरिएको छ।गाइ भैसी कुखुरा र बंगुरमा ८०० डोज रेविज खोप लगाइएको छ।<br>• ३७३ हेक्टर क्षेत्रफल जमिनमा सिँचाइ सुविधा पुर्याइएको छ।<br>• पशुपंक्षी सेवाको लागि अत्यावश्यक औषधी खरिद गरी निशुल्क रुपमा पशुपंक्षीको उपचार गरिएको छ।गाइभैसी प्रवर्धन कार्यक्रम अन्तर्गत गोठ सुधार तथा दुग्धजन्य पदार्थ प्रवर्धनका लागि कार्यक्रम संचालन गरिएको छ। |
| उद्योग वाणिज्य | • १ वटा उद्यमशीलता र २ वटा सीप विकास तालिम सम्पन्न भएका छन।२ वटा समूह र ४ वटा व्यवसायलाइ प्रविधि हस्तान्तरण गरिएको छ।जसअन्तर्गत १८ जनाले उद्यमशीलता तालिम, १५ जनाले चप्पल बनाउने सिप बिकास तालिम र १८ जनाले गुडिया बनाउने तालिम प्राप्त गरेका छन।<br>• वाणिज्य तर्फका १८ वटा नयाँ दर्ता र ५४ वटा ब्यवसायको नवीकरण गरिएको छ।<br>• उद्योग तर्फका ६ वटा नयाँ दर्ता र १० वटा ब्यवसायको नवीकरण गरिएको छ।<br>• लघु उद्यम विकास सम्वन्धी २५ जनालाइ ब्यावसायिक सचेतना कार्यक्रम संचालन गरिएको छ।<br>• |
| पर्यटन | • वडा नं ५ जारकाटे उचाल्ने ढकढके पर्यटन पदमार्ग तथा विश्रामस्थल<br>• छत्रेश्वरीको धार्मिक तथा कृषि पर्यटन प्रवर्धनका लागि नेपाल टेलिभिजनको सहयोगमा भिडियो डकुमेन्ट्री तयार भएको छ।<br>• लैसे पाचतले गुफा अवलोकनका लागि पर्यटकीय पदमार्ग निर्माणको काम सम्पन्न भएको छ। |
| वित्तीय क्षेत्र | • १५ वटा ३ दिने वित्तिय साक्षरता सम्वन्धी तालिम संचालन<br>• १६ वटा सुरक्षित वैदेशिक रोजगार सम्वन्धी समुदायमा तालिम संचालन<br>• सबै छत्रेश्वरीबासीको एक घर एक बैंक खाताका लागि नेपाल इन्भेस्टमेन्ट मेगा बैंकसंग सहकार्य भइरहेको।<br>• १० वटा विद्यालयमा वित्तिय साक्षरता सम्वन्धी तालिम तथा कक्षा संचालन गरिएको छ।<br>• ३० जनालाइ मनोसामाजिक परामर्श समन्वन्धी कार्यक्रम संचालन गरिएको छ। |

| | |
|---|---|
| रोजगारी सिर्जना | • प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु ५४ लाख ५० हजार बजेटमा ५० जनालाइ रोजगारी सिर्जना गरिएको छ। जसअन्तर्गत ७ वटा आयोजना सम्पन्न भएका छन।<br>• मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु १ करोड ५ लाख बजेटमा ३१५ जनालाइ रोजगारी सिर्जना गरिएको छ। जसअन्तर्गत ७ वटा आयोजना सम्पन्न भएका छन।<br>• ३२४७ जना बेरोजगार ब्यक्ति सूचीकृत भएका छन। EMIS मा २४८५ ब्यक्ति बेरोजगारको रुपमा सूचिकृत भएका छन।<br>• १९५ जनालाइ स्थानीय तह/रोजगार सेवा केन्द्रद्धारा समुदायस्तरमा सुरक्षित बैदेशिक रोजगार सम्बन्धि अभिमुखीकरण तथा सूचना प्रवाह गरिएको छ।<br>• ३९५जनाको श्रम स्वीकृति नवीकरण गरिएको छ।<br>• १९ जना बैदेशिक रोजगारीमा गएका सन्नततिलाइ छात्रवृत्ति प्रदान गरिएको छ।<br>• १२ जनाको मृत्यु क्षतिपुर्ति, २ जनाको स्वास्थ्य उपचार सहयोग ,७ जनाको सब बाहन गाडी उपलब्धता ,३ जना अंगभंग भएका ब्यक्तिहरुको विवरण प्रविष्टी गरिएको छ।<br>• गरिबसंग विश्वेवर कार्यक्रम अन्तर्गत रु ३ लाख लगानी गोरेटो बाटो निर्माण र प्रतिक्षालय स्थापना गरिएको छ।<br>• ३४ जनाको पूर्व सिकाइ मान्यता विधिद्धारा सिप परिक्षण भएको छ। |

(ख)सामाजिक विकास

| क्षेत्र | प्रमुख उपलब्धि |
|---|---|
| शिक्षा | • पालिकाको आफ्नै लगानीमा राष्ट्रपति रनिङ शिल्ड संचालन गरिएको छ।<br>• आफ्नै स्रोत साधनमा आधारभुत तह उत्तीर्ण परिक्षा संचालन तथा ब्यवस्थापन।<br>• पुस्तकालय तालिम संचालन<br>• आधारभुत तह कक्षा १ को हाम्रो छत्रेश्वरी पाठ्यपुस्तक विद्यालयमा वितरण गरिएको छ। छत्रेश्वरीको शैक्षिक पात्रो प्रकाशन गरी विद्यालयहरुमा वितरण गरिएको छ।<br>• ४० जनाले आधारभुत तह १-३ को पाठ्यक्रमको कष्टमाइज्ड तालिम लिएका छन।<br>• ३९ वटा विद्यालयमा बिज्ञको उपस्थितिमा २ पटक विद्यालय सुपरिवेक्षण तथा मेन्टोरिङको काम सम्पन्न भएको छ। |

| | |
|---|---|
| | • विद्यालय प्रअसंग कार्यसम्पादन सम्झौता तथा मापदण्डमा आधारित प्रअ नियुक्तीको सुरुवात गरिएको छ।<br>• कार्यसम्पादनमा आधारित पुरुस्कार तथा दण्डको ब्यवस्था<br>• कार्यसम्पादन प्रोत्साहन अनुदान अन्तर्गत विद्यालय पुस्तकाल, आइसिटि ल्याब संचालन तथा ब्यवस्थापन गरिएको छ।<br>• १६औ जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा सहभागी भई ८ स्वर्ण,४ रजत र ७ कास्य गरि कुल १९ पदक सहित दोस्रो स्थान हासिल गरेको छ।<br>• ४० वटै विद्यालयका प्रअ र शिक्षकका ReAL प्लान सम्वन्धी २ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ।<br>• १० जना शिक्षकहरूलाई विद्यार्थि मनोसामाजिक परामर्स र १० जना शिक्षकहरूलाई सबैका लागि सिकाइको सर्वव्यापी धारणा Universal Design for Learning (UDL) सम्बन्धी तालिम प्रदान। |
| स्वास्थ्य | • सुत्केरी अति बिपन्न गरिब आकस्मिक दुर्घटनामा जीवन संरक्षणका लागि निशुल्क एम्वुलेन्स सेवा प्रदान गरिएको छ।<br>• १५ जना विपन्न नागरिकलाइ रु १ लाख बराबरको विपन्न नागरिक सिफारिस<br>• १५ शैया आधारभुत अस्पत्तालको निर्माणको काममा ताकेता गरिएको छ।<br>• विशेषज्ञ चिकित्सकको सहयोगमा १३८ जना महिलाको VIA जाँच गरिएको छ।क्षयरोग खोजपड्ताल तथा परिक्षण शिविरबाट ६७ नागरिक प्रत्यक्ष रुपमा लाभान्वित भएका छन।५३८ जना ग्रामीण भिडियो एक्सरे कार्यक्रम मानसिक स्वास्थ्य शिविर ४२ जना र एकीकृत विशेषज्ञ स्वास्थ्य शिविर संचालनबाट ३६० जनाले स्वास्थ्य सेवा प्राप्त गरेका छन।<br>• १५४ जना किशोरीहरुलाइ पाठेघरको क्यान्सर बिरुद्धको HPV खोप संचालन गरिएको छ। ६४ जना ट्युबरक्लोसिस विरामीको परिक्षण गरिएको छ।<br>• २१ जना मृगौला प्रत्यारोपन गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई मासिक ५००० का दर उपचार सहायता प्रदान गरिएको छ।<br>• पुर्ण खोप प्रतिशत ९२ पुगेको छ।५ बर्ष मुनिका १००९ बालबालिकाले सेवा प्राप्त गरेका छन। ५ वटा बर्थिङ सेन्टर २ वटा OTC सेन्टर संचालन |

| | |
|---|---|
| | गरिएको छ। ४ वटा किशोरकिशोरीमैत्री स्वास्थ्य संचालन गरिएको छ।<br>• ७९८० जना विरामीको स्वास्थ्य परिक्षण गरिएको छ।<br>• मानसिक स्वास्थ्य सम्बन्धी तालिम प्राप्त स्वास्थ्यकर्मीहरूको पुनर्ताजकी र सेवालाई गुणस्तरीय बनाउन मनो चिकित्सक सहितको टिमबाट पृष्ठपोषण सहितको अनुगमन सुपरिवेक्षण।<br>• मानसिक स्वास्थ्य र अपाङ्गता भएका व्यक्तिहरूको स्वावलम्बन समूह मार्फत ११ जनालाई आवश्यकताको आधारमा रु ५ लाख बराबरको बिउ पुँजी वितरण।<br>• मानसिक स्वास्थ्य समस्याको अनुभव गरिरहेका र अपाङ्गता भएका व्यक्तिहरू गरी १३ जनालाई मानसिक स्वास्थ्य तथा अपाङ्गता सम्बन्धी सवालहरुमा वकालतको लागि क्षमता विकास।<br>• जानकी मा.बि. दोहोली, सारदा मा.बि. शंखमुल, त्रिभुवन जनता मा.बि. भोटेचौर, महेन्द्र रत्न मा.बि. पाखापानि र त्रिभुवन जनता मा.बि. लेकचौरपानि गरी ५ वटा विद्यालयमा सामाजिक भावनात्मक सिकाइ (Social Emotional Learning – SEL) सामाग्री वितरण।<br>• विद्यालयहरूमा गठन हुने बाल क्लबहरूलाई अपाङ्गता समावेशी बनाउँदै आठ जना अपाङ्गता भएका बालबालिकाहरूलाई बाल क्लबमा प्रतिनिधित्व।<br>• स्थानीय संरचनाहरूलाई मानसिक स्वास्थ्य र अपाङ्गता सम्बन्धी अभिमुखीकरण मार्फत२०० जना भन्दा बढी व्यक्तिहरूलाई मानसिक स्वास्थ्य र अपाङ्गता सम्बन्धी सचेतना कार्यक्रम।<br>• त्रिभुवन जनता मा.बि. लेकचौरपानिको सौचालयलाई अपाङ्गतामैत्री बनाउनको लागी पहुँचयुक्तता परिक्षण<br>• रु २० लाखको छत्रेश्वरीका सबै स्वास्थ्य संस्थाहरुका लागि ९८ प्रकारका औषधी खरिद तथा वितरण गरिएको छ। ३४ प्रतिशत संस्थागत सुत्केरी रहेको छ।<br>• विद्यालय पोषण शिक्षा कार्यक्रम तथा राष्ट्रिय भिटामिन ए कार्यमक्रम मार्फत बालबालिकालाइ प्रत्यक्ष सेवा प्रदान गरिएको छ। |

| | |
|---|---|
| | • १५४ जना स्तनपायी आमाहरु र २५१ जना जेष्ठ नागरिकले आयुर्वेद शाखा मार्फत सेवा लिएका छन।<br>• वडा नं ३ र ७ संचालन गरिएको आयुर्वेद गाउँघर क्लिनिक मार्फत ३८६ जनाले सेवा प्राप्त गरेका छन।वडा नं १को दमाचौर ५२ जनाको उपस्थितिमा निशुल्क योग विज्ञान शिविर संचालन गरिएको छ। |
| खानेपानी तथा सरसफाइ | • गर्चे ढोरेनी र डिग्रे खानेपानी तथा सरसफाइ आयोजनाहरु निर्माणको कार्य सम्पन्न भएको छ।जसबाट २०५ धारा निर्माण भइ ११७९ जनसंख्याले प्रत्यक्ष लाभ लिएका छन।<br>• हिलेखोला खानेपानी तथा सरसफाइ आयोजना र ब्युरेखोला दारिमजिउला खानेपानी तथा सरसफाइ आयोजनाका ९६ धारा मर्मत भइ ४९७ जनसंख्या लाभान्वित भएका छन।<br>• वास एकाइ बाहेक योजना शाखाबाट ३५० धारा सहितको खानेपानी सेवा विस्तार गरिएको छ।<br>• श्री कृष्ण मावि वास सहितको सुविधासम्पन्न शौचालय निर्माण सम्पन्न भएको छ साथै जनज्योति आधारभुत विद्यालयको शौचालय मर्मत सम्पन्न भएको छ।<br>• जलुकेखोली पानीखोला खानेपानी तथा सरसफाइ आयोजना छत्रेश्वरी ६, तामाधारा खानेपानी तथा सरसफाइ योजना छत्रेश्वरी ५र ढोरेनी खानेपानी तथा सरसफाइ आयोजनाको को काम सम्पन्न भइ हस्तान्तरण गरिएको छ।<br>• ३४ वटा घरधुरी भएका २ वटा टोललाइ पुर्ण सरसफाइ उन्मुख टोल घोषणा गरिएको छ।<br>• ७ वटा वडास्तरीय मर्यादित महिनावारी ब्यवस्थापन गठन भइ अभिमुखीकरण गरिएको छ।<br>• शारदा मावि शंखमुल र जनता मावि भौटेरमा वास सहितको सुविधासम्पन्न शौचालय सम्पन्न भइ हस्तान्तरण गरिएको छ।<br>• ८५ वटा खानेपानी आयोजनाहरुको पोष्टमार्टम गरिएको छ।<br>• २८८ वटा मर्यादित महिनावरी सम्वन्धि कार्यक्रम संचालन गरिएका छन।<br>• ३२ वटा मुहानको पानीको गुणस्तर परिक्षण गरिएको छ।<br>• २२ वटा खानेपानी उपभोक्ता समितिहरुको दर्ता गरिएको छ।<br>• उपभोक्ता समितिलाइ खरिद ब्यवस्थापन सम्वन्धी तालिम प्रदान गरिएको छ ।<br>• १८ वटा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति विच **MOU** सम्पन्न गरिएको |

| | |
|---|---|
| | छ।<br>• पालिकामा खानेपानीको गुणस्तर परिक्षण गर्नका लागि प्रयोगशाला स्थापना गरिएको छ।<br>• खानेपानी आयोजनाहरुमा मर्मत सम्भार कोषको स्थापना गर्ने प्रणाली विकास गरिएको छ।जसले गर्दा सानातिना मर्मत सम्भार उपभोक्ता समितिले आफै गर्न सक्ने भएका छन। |
| संस्कृति प्रवर्द्धन | • नेपाल टेलिभिजको सहयोगमा पालिकाभित्र रहेको पौराणिक कला र सम्पदाको भिडियो डकुमेन्ट्री निर्माण<br>• परम्परागत मेला रुपमा लाग्दै आएको पौराणिक छत्रेश्वरी सतीपिठ तथा शिवरात्री मेला ब्यवस्थापनका लागि पालिकाबाट रु १ लाख २० हजार खर्च गरिएको छ।<br>• छत्रेश्वरी गाउँपालिका भित्रका कला र संस्कृति संरक्षणका लागि पंजेबाजा विभिन्न आमा समूह तथा अन्य क्षेत्रमा लगानी गर्दै आइरहेको छ।<br>• पुर्वीय दर्शन र विज्ञानमा आधारित योग तथा आयुर्वेद शिक्षाका लागि पालिकाले लगानी गर्दै आइरहेको छ।<br>• परम्परागत नौमती बाजा बजाउने सीप विकास सम्वन्धी १० जनालाइ १५ दिने तालिम संचालन गरिएको छ।<br>• छत्रेश्वरी प्रज्ञा प्रतिष्ठान विधेयक २०८३ पारित भएको छ। |
| यूवा खेलकुद तथा मनोरञ्जन | • अध्यक्ष कप प्रतियोगिता संचालन गरिएको छ।<br>• प्रत्येक वडामा वडास्तरीय खेलकुद कार्यक्रम संचालन गरिएका छन।<br>• विद्यालय देखिनै प्रतिभावान खेलाडी उत्पादन गर्नका लागि जिल्ला स्तरीय रनिङ शिल्ड सम्पन्न भएको छ। |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | • स्थानीय बालअधिकार समिति गठन तथा परिचालन/वडास्तरीय बाल संरक्षण समिति गठन गरिएको छ।<br>• ९१ घरपरिवारका घाइते वेपत्ता र शहिद परिवारलाइ २४ लाख २४ हजार जीवन निर्वाह भत्ता प्रदान गरिएको छ।<br>• महिला तथा लक्षित बर्गका लागि क्षमता विकास तालिम संचालन गरिएको छ। विपन्न परिवारका बालबालिकालाइ आर्थिक सहयोग प्रदान गरिएको छ।<br>• लक्षित बर्ग अन्तर्गतका १० वटा विभिन्न आयोजना तथा कार्यक्रम संचालन गरिएका छन।१२०९ जना छोरीहरुको बैंक खाता खोलिएको छ।<br>• ३१८ जना अपांगता भएका ब्यक्तिहरुको मूल्याङ्कन गरी परिचय पत्र वितरण |

| | |
|---|---|
| | गरिएको छ।१७१ जनालाइ जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ। |

(ग) पूर्वाधार विकास

| क्षेत्र | अपेक्षित नतिजा |
|---|---|
| स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल | • पालिकामा रहेका डोजर स्काभेटरको सहयोगमा सबै वडामा मनसुनजन्य विपत पश्चात पहिरो पन्छयाइएको छ। वडा नं.१ र वडा नं.२ मा निजी क्षेत्रको स्काभेटर मार्फत आवागमन सहज बनाइएको छ।<br>• शंखमुल जयचौर खर्सुबास सडकको कालोपत्रेको काम ४० प्रतिशत सकिएको छ।<br>• शंखमुल श्रीचवर रावतगाउ खैराबाङ लान्ती लेखपोखरा मोटरबाटो स्तोरोन्नति १५ प्रतिशत काम सकिएको छ।<br>• यो आर्थिक बर्षमा ६ किमि ट्र्याक ओपन संगै कच्ची धुले सडकको लम्वाइ ३५० किमि पुगेको छ।८ किमि दुइ लेनको सडक विस्तार गरिएको छ।<br>• २९ वटा साना तथा ठुला सडक पुर्वाधार निर्माण गरिएको छ। |
| सिंचाई | • ठुलागैरा सिमलगैरा चिन्नेखोला सिँचाइ पोखरी निर्माणको कार्य सम्पन्न भएको छ।<br>• साना ठुला गरी २२ वटा सिँचाइ आयोजनाहरु सम्पन्न भएका छन।<br>• सिँचाइका लागि रु.८ लाख बराबरको पाइप खरिद तथा वितरण गरिएको छ।<br>• १६०० मिटर सिँचाइ कुलो निर्माण गरिएको छ। |
| भवन तथा सहरी विकास | • वडा नं. ५ र वडा नं.३ कार्यालय भवन निर्माण सम्पन्न भएको छ।<br>• वडा नं .१ र ४ को वडा कार्यालय भवन बहुबर्षे ठेक्का अन्तर्गत ठेक्का आह्वान भइ काम भइरहेको छ।<br>• त्रिभुवन जनता मावि भोटेचौरको विद्यालय भवन घेराबार सम्पन्न भएको छ।<br>• भानुभक्त मावि दमाचौरको घेराबार तथा पर्खाल निर्माणको काम सम्पन्न भएको छ। |
| उर्जा, लघु तथा साना जलविद्युत | • सबै वडामा केन्द्रीय विद्युत लाइन बिस्तारको काम सम्पन्न हुने क्रममा रहेको छ।छुटेका टोलमा कर्णाली प्रदेश पुर्ण विद्युतीकरण परियोजना अन्तर्गत पुरा भइसक्नेछ। |
| सञ्चार | • सबै वडामा फाइबर नेटको पहुँच विस्तार गरिएको छ।<br>• पालिकाको विकास र सुशासनको क्षेत्रमा वहस पैरवी गर्ने सबै संचार तथा छापा तथा अनलाइन मिडीयाहरुलाइ पालिकाले प्रत्यक्ष सहयोग गरिरहेको अवस्था छ।<br>• एकीकृत नेट कार्यन्वयन |

| | |
|---|---|
| कार्यन्वयन प्रकृति | • उपभोक्ता समिति मार्फत १०८ वटा र ठेक्का मार्फत १३ वटा आयोजना कार्यन्वयन भएका छन।<br>• समग्रमा १३४ वटा आयोजना कार्यन्वयन भएका छन। |

(घ) वातावरण तथा विपद् व्यवस्थापन

| क्षेत्र | अपेक्षित नतिजा |
|---|---|
| वन तथा भु-संरक्षण | • कार्यालय परिसरका रहेको पुराना रुख हटाइ नयाँ अर्नमिेन्टल विरुवा वृक्षारोपण गर्नका लागि डिभिजन वन कार्यालय सल्यान समन्वय र सहकार्य भइरहेको छ। |
| जलाधार संरक्षण | • खानेपानी मुहान संरक्षणका लागि पालिकाले दर्ता प्रक्रिया अगाडि बढाएको छ।<br>• हालसम्म पालिकामा २४ वटा खानेपानीका मुहान दर्ता भइ संचालनमा रहेका छन। |
| वातावरण संरक्षण, जलवायु परिवर्तन | • वृक्षारोपन, वन संरक्षण अभियानबाट वन तथा वातावरणीय संरक्षणमा जोड<br>• स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनमा रहेका छन।<br>• पालिकाभित्र नदीजन्य पदार्थ उत्खनन गर्नका लागि प्रारम्भिक वातावरणीय परिक्षण काम अन्तिम चरणमा पुगेको छ। |
| फोहरमैला तथा ढलव्यवस्थापन | • बजार क्षेत्रको फोहोर ब्यवस्थापनका लागि कर्णाली प्रदेश सरकार ससर्त अनुदान आयोजना माग गरि पठाइएको छ। |
| जलउत्पन्न प्रकोपनियन्त्रण | • शारदा लंकिनि र अन्य खोला साना ग्याभिन जालीको काम सम्पन्न भएको छ।<br>• मसानढुङ्गा तटबन्धन सम्पन्न भएको छ। |
| विपद व्यवस्थापन | • मनसुन तथा अन्य विपद प्रभावित नागरिकलाइ स्थानीय विपद जोखिम न्युनीकरण तथा ब्यवस्थापन समितिबाट निर्णय भइ राहत उपलब्ध गराइएको छ।<br>• हालसम्म ८ जना नागरिकहरुलाइ क्षतिको मूल्याङ्कनको आधारमा राहत तथा पुनस्थापना वाफत रु ४ लाख रकम उपलब्ध गराइएको छ। |
| एम्बुलेन्स तथा अन्य मेसिन | • गाउँपालिका ४ वटा एम्बुलेन्स सञ्चालनमा रहेको छन<br>• २ वटा एक्साभेटर र २ वटा ब्याकहोलोडर संचालनमा रहेका छन। |

(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

| क्षेत्र | • अपेक्षित नतिजा |
|---|---|
| सुरक्षा व्यवस्थापन | • कार्यालयको सुरक्षाका लागि  नगर प्रहरी कार्यालय सहयोगीको व्यवस्था  तथा नजिकको प्रहरी प्रशासनसँगको समन्वय मार्फत सुरक्षा व्यवस्थापनलाई जोड दिइएको छ। |
| सूचना प्रविधि | • गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुमा कम्प्यूटर, प्रिन्टर, इन्टरनेट जस्ता सूचना प्रविधिका आधारभूत हार्डवेयरको व्यवस्था गरिएको<br>• राजस्व संकलन अनलाइन प्रणाली मार्फत गरिएको छ।<br>• बजेट विनियोजन, लेखाङ्कन र प्रतिवेदनमा पूर्ण रुपमा SUTRA मा पूर्ण रुपमा EFT प्रयोग गरिएको |
| पञ्जिकरण व्यवस्थापन | • अनलाइन घटना दर्ता नियमितता<br>• सामाजिक सुरुक्षा भत्ता इफटी मार्फत प्रदान सम्वन्धित लाभग्राहीको बैंक खातामा प्रदान गरिएको छ।<br>• पालिकाको खर्च ब्यवस्थापनमा बैंकलाइ वडा कार्यालय सम्म लिइ भत्ता वितरण<br>• प्रत्येक त्रैमासिक समयसिमा भित्र खातामा भत्ताँ निकासा<br>• सामाजिक सुरक्षालाइ प्रभावकारी बनाउन बायोमेट्रिक प्रणाली लागु ।<br>• २४७ जनाको घटना दर्ता भएको<br>• ४४५९ नागरिक तथा बालबालिकालाइ सामाजिक सुरक्षा भत्ता वितरण<br>• ७ करोड ४४ लाख ९१ हजार २ सय ८१ सामाजिक सुरक्षा वाफत भत्ता वितरण<br>• १३२९ पालिकामा यस बर्ष घटना दर्ता भएका छन। |
| स्थानीय तथ्याङ्कसंकलन र अभिलेख व्यवस्थापन | • मध्यमकालीमन खर्च संरचना रावस्व सुधार योजना र क्षमता विकास योजनाका लागि काम सम्पन्न भएको छ।<br>• पालिकाको आर्थिक गणणा गर्ने कार्य भैरहेको<br>• स्वास्थ्य शिक्षा घटना दर्ता ब्यवस्थापन रोजगार प्रणाली राजस्व तथा खर्च ब्यवस्थापन विपत ब्यवस्थापन विद्यालय शिक्षा ब्यवस्थापन तथा योजना र हाजिरी ब्यवस्थापनका लागि विभिन्न अनलाइन माध्यमबाट भैरहेको।<br>• १६७३ भुमिहिन तथा अब्यवस्थित बसोबासीको तथ्याङ्कमध्ये ४०४ सिस्टममा |

| | |
|---|---|
| | प्रविष्टी भएको छ। |
| सुशासन प्रवर्द्धन | • सबै आयोजनाहरुमा आयोजनास्थलमा सूचनापाटी, जनलेखापरीक्षण अनिवार्य गरिएको<br>• सूचना प्रकाशन, नागरिक वडापत्र अद्यावधिक, गुनासो सुनुवाइ संयन्त्र सक्रिय<br>• बेरुजु ०.६० झरेको । जिल्लामा बेरुजुमा दोस्रो स्थान हासिल गरेको<br>• कार्यसम्पादन मूल्याङकनमा ७२.२५ अंक सहित जिल्लामा प्रथम स्थान हासिल गरेको छ।<br>• स्थानीय शासन कार्यसम्पादन स्वमुल्याङ्कन (LGPAS) प्रणालीमा पालिकाको तर्फबाट ९०.८ सर्बोउत्कृष्ट अंक प्रस्ताव गरी जिल्ला समन्वय समितको कार्यालय सल्यानमा पेश गरिएको छ।<br>• असुल उपर गर्नुपर्ने बेरुजु रु.१ करोड ३७ लाख असुल उपर भइ बैंक दाखिला भएको। बाँकी बेरुजु फछ्यौटका लागि प्रक्रिया अगाडी बढेको छ। |
| न्यायिक समिति | • मेलमिलापकर्ता र न्यायिक समिति का सदस्यका लागि विज्ञको उपस्थितिमा न्यायिक प्रक्रिया सम्वन्धी तालिम सम्पन्न भएको छ।<br>• १० वटा उजुरी मध्ये ८ वटा उजुरी फछ्यौट भएको<br>• २ वटा कारवाही प्रक्रियामा रहेका छन। |
| बहुक्षेत्रीय पोषण | • वडा नं.३ मा जना गर्भवती तथा सुनौलो हजार दिनका आमाहरुलाइ ३ हसे कुखुरा वितरण गरिएको छ।<br>• सुनौला हजार दिनका विपन्न २८ जना आमाहरुलाइ पोषण सुधारका लागि रु २५ हजारका दरले आयआर्जन अनुदान प्रदान गरिएको छ।<br>• बालपोषण भत्ताको प्रभावकारी उपयोगका लागि आमा तथा शिशु स्याहारकर्तालाइ अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।<br>• पालिकामा स्तनपानकक्षको स्थापना गरिएको छ।<br>• स्थानीय तहको पोषण पाश्वचित्र तयार पारिएको छ। सुनौला हजार दिनका आमाहरुलाइ करेसाबारी निर्माणका लागि बिउबिजन वितरण गरिएको छ।<br>• उपाध्यक्ष पोषण कोशेली कार्यक्रम अन्तर्गत ३१५ जना सुत्केरी आमाहरु पोशिलो खानेकुरा वितरण गरिएको छ। |
| बित्तिय प्रगति | • कुल विनियोजित बजेट रु.५२ करोड ६३ लाख ६८ हजार<br>• कुल आम्दानी रु.४५ करोड ५ लाख ८९ हजार ४९ रुपैया<br>• कुल खर्च रु.४४ करोड ६९ लाख ९६ हजार ४४ रुपैंया<br>• चालु खर्च तर्फ ३५ करोड ३६ लाख ४२ हजार विनियोजन भएकोमा रु.३२ |

| | |
|---|---|
| | करोड १४ लाख ६ हजार ४ सय २८ अर्थात ९०.७१ प्रतिशत<br>• पूजीगत खर्च तर्फ १७ करोड २७ लाख ४६ हजार १ सय ९४ बिनियोजन भएकोमा १२ करोड ५५ लाख ८९ हजार ६ सय १५अर्थात ७२.७ प्रतिशत<br>• गत बर्षको नगद मौज्जाद सहित १ करोड ४९ लाख ३३ हजार ८ सय ९५ आन्तरिक राजस्व प्राप्त भएको छ । |

<u>छत्रेश्वरी गाउँकार्यपालिका</u>

- आ.व.२०८२/८३ मा छत्रेश्वरी गाउँकार्यपालिकाको जम्मा १३ वटा बैठक बसी १४५ वटा निर्णय भएको अवस्था छ।केही निर्णयहरु बाहेका सबै कार्यन्वयनमा आएका छन।

<u>छत्रेश्वरी गाउँसभा</u>

- हिउँदे गाउँसभा अर्थात विधेयक अधिवेशनबाट १४ वटा कार्यसूची उपर छलफल भइ सबै कार्यसूची सर्वसम्मतिले पारित भएको छन।
- बर्खे अधिवेशन अर्थात बजेट अधिवेशनबाट १३ वटा कार्यसूची उपर छलफल भइ सबै कार्यसूची सर्वसम्मतिले पारित भएका छन।

यो आर्थिक बर्षमा ६ वटा महत्वपुर्ण विधेयक लेखा समिति गठन तथा कार्यसंचालन कार्यविधि २०८२, बेरुजु फछ्यौट कार्यविधि २०८२, विज्ञापन ब्यवस्थापन तथा नियमन गर्ने सम्वन्धमा बनेको विधेयक २०८२, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विधेयक २०८२, छत्रेश्वरी गाउँपालिका कृषि विधेयक २०८२ र छत्रेश्वरी प्रज्ञा प्रतिष्ठान विधेयक २०८३ पारित भएका छन।सभामा गाउँकार्यपालिकाले गरेको निर्णय तथा खर्च समेत अनुमोदन गरेको छ।

<u>गाउँपालिको अवसरहरु</u>

- पालिकाको नाममा जग्गा ल्याइ सुविधासम्प्न प्रशासनिक भवन निर्माण गर्ने।
- आयोजना तथा कार्यक्रम चैत्र भित्र सकिसक्ने।
- स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन (LGPAS) सर्वोउत्कृष्ट हुने अवसर
- पशु तथा कृषि फार्म मार्फत फलफुल तथा नगदे बालीको बिस्तार गर्न सकिने।

- दरबन्दी तेरिज अनुरुपको कर्मचारी पदपुर्ति (Potentiality)संस्थाको हितमा लगानी गर्ने)
- अनलाइन सेवा प्रवाह मार्फत पालिकाप्रति आम छत्रेश्वरीबासीको विश्वास बढाउन सकिने।
- सर्वयाम सडकका रुपमा लान्ती लेखपोखरा दहखोला बुरासे झ्याम, शंखमुल जयचौर खर्सुबास सडक र मोख्ला दमाचौर सडकको रुपमा विकास आर्थिक पोलको रुपमा विकास गर्न सकिने।
- संघसस्थाको समन्वय र सहकार्य
- बन क्षेत्रको करलाइ पालिकाको आम्दानीमा ल्याउने।
- साना कुटीर उद्योग निजी क्षेत्रको सहलगानीमा सन्चालन
- होम स्टे वा गोठ स्टे रुपमा विकास गर्न सकिने

<u>चुनौतीहरु</u>

- Routine Bureaucracy चुनौती
- पुराना रुग्ण बाँकी आयोजना पुरा गर्नुपर्ने।
- आन्तरिक राजस्वको चुनौती
- मेसिनरी औजार परिचालन गर्नु
- बेरुजु राफसाफको चुनौती
- बजेट सिलिङको चुनौती
- ढुङ्गा गिट्टि बालुवा उत्खनन
- ४ वटा स्टोरको ब्यवस्थापन गर्नु।

<u>गाउँपालिकाले चाल्नुपर्ने कार्यदिशा</u>

- सेवाग्राहीलाइ संस्कार सहितको स्वागत र सेवा
- पत्र ब्यवहार समयमै सकिसक्नु पर्ने।
- कार्यसम्पादन सम्झौता (विद्यालयमा समेत) लक्ष्य कार्यक्षेत्रगत शर्तसहित
- आय ठेक्का समयमै आह्वान गर्ने।
- कर्मचारी प्रशासन चुस्त बन्ने र बनाउने।
- नगर प्रहरीको विजनेस सहितको परिचालन
- शंखमुल जयचौर सडक र लान्ती लेखपोखरा सडक सम्वन्धमा छिटो माध्यमबाट निर्णय लिइसक्ने।
- डोजर संचालनलाइ अझै बस्तुनिष्ठ र औचित्यपुर्ण बनाउनुपर्ने।

- कार्ययोजना स्वीकृत गराएर मात्र कार्यक्रम गर्नुपर्ने।
- स्थानीय स्रोत साधनबाट ग्राभेलिङ र मोड सुधारको नीति लिने
- कराधार बढाउने
- विद्यालय दरबन्दी मिलान गरी  अनुगमन बढाउने
- विवाद समाधान छिटो गर्ने ।
- कुटिर उद्योग संचालनमा जोड दिने
- बीस बर्षमुनिकाले विवाह गरेपनि बच्चा नजन्माउने अभियान
- स्थानीय उत्पादनको विक्रीमा पालिका सेतु रुपमा उभिने
- एम्बुलेन्स सेवा निशुल्क संगसंगै लाभलागत सिद्धान्तमा आधारित रहेर संचालन गर्ने।
- अभियानमुलक कार्यक्रम (पोषणमैत्री बालमैत्री वडा तथा पालिका घोषणा)
- बेरुजु न्युनीकरणका लागि अभियानको रुपमा संचालन गर्नुपर्ने।

आज मिति २०८३।०२।१० गतेका दिन यस छत्रेश्वरी गा.पा.को आ.व. २०८२।०८३ को वार्षिक प्रगति समीक्षा कार्यक्रम गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री दिपक बुढाथोकीज्यूको अध्यक्षतामा सम्पन्न गरियो। वार्षिक प्रगति समीक्षा कार्यक्रमको उपस्थिति निम्न अनुसार रहेको छ।

उपस्थिति

श्री दिपक बुढाथोकी, प्रमुख प्रशासकीय अधिकृत

विशेष उपस्थिति

श्री ओज बहादुर बुढाथोकी, गाउँपालिका अध्यक्ष

श्री बुद्धे कुमारी खत्री, गाउँपालिका उपाध्यक्ष

वडा अध्यक्ष / कार्यपालिका उपस्थिति

श्री प्रकाश हमाल, वडा अध्यक्ष - १

श्री प्रेम बहादुर नेपाली ,, २

श्री तिर्थराज दहाल ,, ३

श्री छविलाल खत्री ,, ४

श्री फौद बहादुर बस्नेत ,, ५

श्री टिकाराम बुढा ,, ६

श्री टेक बहादुर विष्ट ,, ७

श्री पवित्रा डाँगी, कार्यपालिका सदस्य

श्री तुल्सा वि.क. ,,

श्री तिला घर्ती ,,

श्री बसन्ता डि.सी. ,,

श्री विर बहादुर वि.क. ,,

वडा सदस्य

श्री इन्द्र कली, वडा सदस्य - २

श्री गणेशमान डाँगी स्वास्थ्य शा.(का.प्र.)मु.

श्री दिपक बस्याल, कृषि विकास अधिकृत

श्री दुर्गा बहादुर के.सी. वरिष्ठ लेखा सहायक

श्री गणेश रावल कार्यक्रम निरीक्षक

श्री गणेश डाँगी इन्जिनियर (इ.)

श्री कमल बहादुर घर्ती वडा सचिव - ६

श्री गणेश सापकोटे वि. शिक्षा अधिकृत

श्री अर्जुन शाह व० प्रशासन सहायक

श्री. देवराज डाँगी ... सचिव

CS Scanned with CamScanner

खेमराज बुढाथोकी प्रशासकिय अधिकृत हैंठो तहै
विमला डाँगी प.हे.न. - स्वा. शाखा
रीता बुढाथोकी ज.स्वा.अ. ... ...
अमर बहादुर थापा कृषि प्राविधिक
हरिश्वर कुमार पंडित (स.ई.)
दिलिप कवर मगर (वडा प्राविधिक ५ नं. कार्यालय)
राम करण चौधरी - वडा सचिव - २
[illegible] - [illegible]
हरिकला विष्ट - वास सहजकर्ता
कमला शर्मा न्यौपाने । सामाजिक परिचालक
जानकी विष्ट . एम.आई.एल. अपरेटर
अनिता श्रेष्ठ थापा - पोषण सहजकर्ता
संगिता डि सी वडा सचिव ६ नं वडा कार्यालय
निमा वस्नेत ऊ.कि. प्र.
मेघा माधिकोठी आन्तरिक लेखापरीक्षक
प्रतिक्षा पुन युवा स्वयंसेवक सहजकर्ता (YH)
निता खड्का सामाजिक परिचालक WASH इकाई
इन्द्रा कुमारी बुढाथोकी ,, ,,
अनिता वली ,, ,,
[illegible] सब इन्जिनियर
[illegible] लेखा अधिकृत
देवराज वि.क. प्रशासन चाँथो
[illegible] रावत [illegible]
सुरेश वि.क. हरियाली ना.पा. का.स.
दामोदर खड्का ,, का.स.
सुमन के.सी. पञ्जीकरण शाखा
भोला प्रसाद वली स्वास्थ्य चालक
गणेश भण्डारी ना.प्रा.स.
निराजन बुढाथोकी रोजगार सहायक
विश्वबन्धु डाँगी ऊ.कि.प्र.
कुल बहादुर खड्का का.स.
प्रदिप चन्द्र अ.स.ई.
छहरा बस्नेत सि.कि.आर. सहजकर्ता
भुवनेश्वरी रावल आ.स.

लिला कुमारी राना का०स

कृष्णा कुमारी पुन ,,

निर्मला के बिष्ट ,,

पवन के०सी० - से० इं०

मनोज भण्डारी - प्राविधिक अधिकृत

दिपक बस्याल - कृषि शाखा प्रमुख

रञ्जु घिमिरे - पशु शाखा प्रमुख

गीता नेपाली परियार - व०वै०

राधा डाँगी - नो०प०से०प्रा

राम बहादुर थापा (नगर) ~~प्रहरी~~

भिमलाल बुढाथोकी नगर प्रहरी जवान

गणेश कुमार डाँगी ,,

दिपा कुमारी वली - का०स

तिलक बहादुर पुनमगर सामाजिक कार्यक्रम

जीवराज खत्री, प्रशासकीय अधिकृत, प्रशासन शाखा

डा- अशोक कुमार यादव - प्र. वं. का. वार्ड

Scanned with CamScanner




शिव मूर्ति छत्रेश्वरी गा. पा.-७, सल्यान
बालेन्द्र शाह


मिति:२०८३-०५-१०
आयोजक:
स्थान:गाउँसभा हल
छत्रेश्वरी गाउँपालिका
भोटेचौर सल्यान
अध्यक्ष


शिव मूर्ति छत्रेश्वरी






शिव मूर्ति छत्रेश्वरी गा. पा.






















शंखपार्क, शंखमूल, सल्यान










KELME














गाउँपालिकाको प्रशासन शाखा को कार्य विवरण
१ स्थानीय सेवा तथा जनशक्ति विकास:कर्मचारी प्रशासन:
• स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन
• गाउँपालिकाको संगठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,
• स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रबर्द्धन र नियमन
• मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा
• गाउँपालिकामा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन
• स्थानीय शान्ति समिति सम्बन्धी कार्यहरु ।
• स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य


गाउँपालिकाको प्रशासन शाखा को कार्य विवरण
१ स्थानीय सेवा तथा जनशक्ति विकास:कर्मचारी प्रशासन:


























लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान










पालिका स्तरीय खानेपानी गुणस्तर परीक्षण अभियान






गाउँपालिकाको अन्तर माध्यमिक विद्यालय स्तरीय आठौँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा पाँचौं अध्यक्ष कप सम्पन्न








पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning-RPL) विधि अनुसार विभिन्न पेशाका इकाइगत (Unit-Based) सीप परीक्षणमा सहभागी भइ यस गाउँपालिकाको तर्फबाट दोस्रो तह Certificate of Competency वितरण






मिनी टिलर (हाते ट्रेक्टर) मर्मत सम्बन्धी १५ दिने तालिम










एच.पि.भि. खोप अभियान











मेलमिलाप कर्ताका लागि ३ दिने पुनर्ताजगी तालिम







सार्वजनिक सुनुवाई कार्यक्रम










जिल्लास्तरीय १६ औँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता






वडा नं. ४, पोखरीडाँडा, अन्तर्गत निगाल्चुला–टोट्के–पोखरीडाँडा सडक को विधिवत उद्घाटन











वडा नं. ४, पोखरीडाँडा, सल्यान अन्तर्गत निगाल्चुला–टोट्के–पोखरीडाँडा सडक को विधिवत उद्घाटन









"यान्त्रिकरण हस्तान्तरण कार्यक्रम समूह सहकारी कृषि फर्म ५० प्रतिशत अनुदानमा मिनीटिलर वितरण "

लक्षित वर्गका लागी क्षमता विकास तालिम












(PNC Home Visit) सम्बन्धी समीक्षा गोष्ठी











३ दिने शैक्षणिक तालिम सम्पन्न






वडा नं ६ का महिलाहरूले परम्परागत र मौलिक नौमती बाजा बजाउने आधारभूत सीप







# महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण












अपाङ्गता समावेशी स्थानीय समन्वय समितिलाई लक्षित गरी आयोजित पालिका स्तरीय तालिम








आर्थिक बर्ष २०८३/०८४ को नीति, कार्यक्रम, बजेट, विभिन्न बिधेयक, प्रतिवेदनहरु सर्वसम्मत रुपमा पारित गर्दै











शंखपार्कमा पानीका कुडा" कार्यक्रम










२३औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव









चाख्ले–निगालचुला सडकको विधिवत उद्घाटन








सुनौला हजार दिनका घरपरिवारहरुलाई बीउविजन बितरण र करेसाबारी खेती सम्बन्धी तालिम










माध्यमिक विद्यालयहरुमा अतिथि कक्षा कार्यक्रम









मानसिक स्वास्थ्य र अपाङ्गता भएका व्यक्तिहरूको सवालमा सम्बन्धमा छत्रेश्वरी गाउँपालिका र कर्णाली प्रदेश सरकारबीच समन्वयात्मक बैठक










वडा कार्यालय स्वास्थ्य संस्था अनुगमन तथा निरीक्षण कार्यक्रम








श्री सरस्वती आधारभूत विद्यालय, लेखसिरुवाली, सल्यानमा
नयाँ २ कोठे भवन उद्घाटन कार्यक्रम ।